**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरूले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

## कोभिड - १९ को प्रकोपबाट मृत्यु भएका बिरामीहरुको शव व्यवस्थापन गर्न पूर्वाधार व्यवस्थापनका लागि ३ करोड रकम निकासा

### रकम निकासा भएका अस्पतालहरु

*प्रति अस्पताल रु. २० लाख*

- **कोशी अस्पताल**, *विराटनगर*
- **बि.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान**, *धरान*
- **गजेन्द्रनारायण अस्पताल**, *सप्तरी*
- **शुक्रराज ट्रपकिल अस्पताल**, *टेकु*
- **नेपाल प्रहरी अस्पताल**, *महारावगञ्ज*
- **नेपाली सेना अस्पताल**, *छाउनी*
- **नेपाल ए.पि.एफ. अस्पताल**, *बलम्बु*
- **त्रि.वि. शिक्षण अस्पताल**, *महाराजगञ्ज*
- **पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान**, *ललितपुर*
- **भरतपुर अस्पताल**, *चितवन*
- **वीर अस्पताल**, *काठमाण्डौ*
- **नारायणी अस्पताल**, *वीरगञ्ज*
- **पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान**, *पोखरा*
- **भेरी अस्पताल**, *नेपालगञ्ज*
- **डडेलधुरा अस्पताल**, *डडेलधुरा*




स्रोत: https://www.opmcm.gov.np/wp-content/uploads/2021/02/13th-Covid-kosh-decisions.pdf
https://www.mofaga.gov.np/news-notice/2284

## नेपाल अपडेट



नियमित रुपमा विद्यालय खुलेसँगै काभ्रेको पनौतीका विद्यालयले अतिरिक्त क्र्याकलापमा ध्यान दिन थालेका छन् ।

तस्विर: केशवराज पौडेल

### परिक्षण


पिसिआर परिक्षण: २०,९६,७५०

पोजेटिभ: २,७२,०५५

उपचाररत: १,७४४

मृत्यु : २०४५

सन्चो भएका : २,६८,२६६




Source: https://covid19.mohp.gov.np/#/

# हल्ला र तथ्य



सञ्चारकर्मी र विदेशी कुटनीतिक नियोगमा काम गर्ने कर्मचारीलाई कोभिड - १९ खोप दिईदैछ रे । कहाँ र कहिले सम्म हो खोप लिन पाउने ?

२०७७ साल माघ २६ गते सोमबार देखी ५ दिनका लागि युएन एजेन्सीहरु तथा विदेशी कर्मचारीहरु, राजदुतावास तथा अन्य कुटनीतिक नियोगमा कार्यरत कर्मचारीहरुका लागि पाटन अस्पताल, ललितपुर, शिक्षण अस्पताल, महाराजगञ्ज र शहिद गंगालाल अस्पताल, बाँसबारीमा खोप लगाउने व्यवस्था गरिएको छ । त्यसै गरेर, सञ्चारकर्मीहरुका लागि निजामती कर्मचारी अस्पतालमा खोप लगाउने व्यवस्था गरिएको छ । यसका लागि परराष्ट्र मन्त्रालय र सञ्चार सूचना तथा प्रविधि मन्त्रालयमा सम्पर्क गरी नाम दर्ता गरेर खोप लगाउन समेत सरकारले अनुरोध गरेको छ ।


स्रोत: https://cutt.ly/CkbKdiG



नेपालमा फेरी २२ लाख डोज खोप आउँदैछ रे नी ?

नेपालले विश्व स्वास्थ्य संगठनको प्रयासमा कोभिड - १९ विरुद्धको २२ लाख ५६ हजार खोप पाउने भएको छ । कोभ्याक्सले खोप वितरणको सुरुवात फेब्रुअरी अन्तिमबाट सुरु गर्ने जनाएको छ । कोभ्याक्सले बुधबार "अन्तरिम वितरण पूर्वानुमान" शीर्षक राखेर जारी गरेको वक्तव्यमा १४० राष्ट्लाई पहिलो चरण अन्तर्गत ३३ करोड ६० लाख खोप वितरण गर्ने जनाएको छ ।

स्रोत: https://cutt.ly/CknSvbq



सरकारले दिने सिपमुलक तालिममा सहभागी हुन पनि उमेरको हदबन्दी छ भन्छन । कुन उमेरका व्यक्तिले तालिममा सहभागी हुन पाउने हो ?

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले दिने सिपमुलक तालिममा सहभागी हुने कामदारको उमेर १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्दछ । त्यसै गरेर पाठ्यक्रममा तोकिए बमोजिमको शैक्षिक योग्यता भएको हुनुपर्दछ । तर, अभिमुखीकरण कार्यक्रमको हकमा भने कामदारको उमेर द्विपक्षिय सम्झौता बमोजिम हुन्छ र वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगारीमा जाने सुनिश्चितता भएको हुनुपर्दछ ।

स्रोत: https://cutt.ly/TkhZrlD



अहिले कोरोनाको कारण देखाउँदै वैदेशिक रोजगार विभागले पीडितको उजुरी नै लिँदैन भन्ने सुनिन्छ नी ?

वैदेशिक रोजगार विभागले नियमित उजुरीहरु लिईरहेको छ । यस आर्थिक वर्षमा मात्र पनि विभागमा १५१ वटा उजुरी दर्ता भएकाछन् । जस मध्ये २८ वटा उजुरी फछ्र्यौट भएकाछन् भने ५ वटा उजुरी उपर दण्ड जरिवाना गरिएको छ । त्यसै गरेर, वैदेशिक रोजगार न्यायाधिकरणमा दर्ता भएका ३५ वटा मुद्दा बापत पीडितलाई ४० लाख क्षतिपुर्ती दिलाईएको छ ।

स्रोत: https://moless.gov.np/wp-content/uploads/2021/02/2077-10-23-Progress-report.pdf

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा +2760806146 एड गर्नुहोस्
२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्




**COVID-19**

को बारेमा बुझ्न नि:शुल्क हटलाईन

viamo द्वारा प्रस्तुत

कोभिड - १९ सम्बन्धी सितैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट

**३२१००** मा डायल गर्नुहोस्

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार


| साउदी अरव | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|
| ३,३४,४५१ नेपाली | ७१,१९३ नेपाली | २६,००० नेपाली | ४,०६,९१७ नेपाली | २,२४,९०५ नेपाली | १७,०५७ नेपाली | ५००,००० नेपाली | ३८,८६२ नेपाली |
| ३,७०,२७८ संक्रमित | १,७०,९९८ संक्रमित | १०७,३२९ संक्रमित | १,५४,०९८ संक्रमित | ३२६,२९५ संक्रमित | १,३५,६७४ संक्रमित | २४२,४२५ संक्रमित | ८१,१८५ संक्रमित |
| ५,८०० नेपाली संक्रमित | २,३५० नेपाली संक्रमित | ४५१ नेपाली संक्रमित | २८,२५० नेपाली संक्रमित | ५,३५० नेपाली संक्रमित | ३०० नेपाली संक्रमित | २१०० नेपाली संक्रमित | २९ नेपाली संक्रमित |
| ८८ मृत्यु भएका नेपाली | १२ मृत्यु भएक नेपाली | ३ मृत्यु भएका नेपाली | १८ मृत्यु भएका नेपाली | ३९ मृत्यु भएका नेपाली | १ मृत्यु भएका नेपाली | १ मृत्यु भएका नेपाली | |

गन्तव्य राष्ट्रमा संक्रमित नेपाली

गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या

गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या

गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली



स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

ShramikSanjal

## कतारमा श्रमिक सम्बन्धी नयाँ कानून मार्च, २०२१ देखि लागू हुने



कतारले २०२० को कानून नम्बर १७ जारी गर्दै निजी क्षेत्रमा कार्यरत सबै श्रमिकको न्यूनतम तलब निर्धारण गरेको थियो । यो कानून अनुसार, तलब नपाउने श्रमिकलाई रोजगार परिवर्तन गर्नका लागि रोजगारदाताको अनुमती (रिलिज पेपर) चाहिने छैन । अब रोजगारदाताले न्यूनतम तलब एक हजार, खाना ३ सय र आवास बापत ५ सय रियाल श्रमिकलाई दिनुपर्नेछ । तर, खाना र आवासको सुविधा दिएमा भने एक हजार रियाल तलब मात्रै दिए पुग्छ । तोकिएको तलब नपाएका नेपाली कामदारले सहज रुपमा नेपाली भाषामै पनि उजूरी दिन सक्नेछन् ।

नेपालले भने २०१३ देखि नै अदक्ष श्रमिकका लागि न्यूनतम तलब ९ सय रियाल र खानाबापत तीन सय रियाल गरी १२ सय रियाल निर्धारण गरेको थियो। तर, एकतर्फी निर्णय भन्दै रोजगारदाता कम्पनीहरुले यसलाई कार्यान्वयन गरेका थिएनन् ।

**www.facebook.com/shramik.sanjal** बाट तपाई हेरेक आईतबार, बुधबार र शुक्रबार बेलुका UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight) हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ ।

# $ फलो द मनी - खर्चको अर्थ

## २०७७ साल श्रावण मसान्त सम्म कोभिड - १९ को सन्दर्भमा भएको जम्मा खर्च

**१३ अर्ब ३७ करोड**

| संघिय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | प्रधानमन्त्री कोरोना रोकथाम तथा उपचार कोष |
|---|---|---|---|
| ३६% | ११% | ४५% | ८% |

## संघिय सरकारमा भएको खर्च शिर्षक

औषधी तथा स्वास्थ्य उपकरण
रु. १,७५,५२,४०,०००


क्वारेन्टाईन व्यवस्थापन
रु. ४,६९,४६,०००

स्वास्थ्य बीमा
रु. २,९३,८८,९६,०००

अन्य
रु. १,२४,७३,०००

मानव स्रोत साधन परिचालन
रु. ५,७४,४३,०००

## प्रदेश सरकारले गरेको खर्च




accountabilitylab NEPAL

# वैदेशिक रोजगारीबाट फर्किएका दिपकसँग व्यवसाय गर्न पैसा नभएपछि सुरक्षागार्डको काम गर्नथाले




संखुवासभाका दिपक निरौला हाल नेपालमै सुरक्षा गार्डको रुपमा काम गरिरहेकाछन् । उनी १६ दिनको छँदा बुवा गमाए । जब उनि ७/८ वर्षका भए, त्यसपछि मात्र आफुसँग बुवा नभएको महसुस गर्नथाले । उनका माईला दाईले जसो तसो विद्यालय तहको पढाई गर्न सघाए । तर, परिवारको आर्थिक अवस्था कमजोर थियो । १२ कक्षाको परीक्षा दिईसकेपछि भने उनलाई केही न केही रोजगारी गर्नैपर्ने भयो । उनी काम खोज्न काठमाण्डौ आए । थोरै पैसा आउने रोजगारीबाट पैसा जम्मा गर्न नसकिने देखेपछि उनी गाउँ फर्किए । उनका सामु आमालाई हेर्नुपर्ने बाध्यता पनि थियो । गाउँका साथीभाई वैदेशिक रोजगारीमा गएको उनले देखेका थिए । उनले पनि त्यही बाटो रोजे । २०७१ साल भदौ महिनामा उनी साउदी अरब गए ।

उनले न त सिप सिकेका थिए, न त भाषानै जानेका थिए । विदेश गएको ४ दिनसम्म त कम्पनीले खाना नै दिएन । १५ औं दिनमा भाषा नबुझेका कारण सुपरभाईजरसँग झगडा भयो । सिप नसिकेका कारण ३/५ महिनासम्म त सिनियर कामदारले काममा पनि पेले । त्यतीखेरै उनले नेपालमै मेहनत गरे पैसा कमाउन सकिन्थ्यो भन्ने बुझे । तर, उनले सम्झौता अनुसार २ वर्ष नै त्यहा स्थित के.एफ.सि. मा काम गरे । किन भने, वैदेशिक रोजगारीमा जाँदा उनले लिएको १ लाख १० हजार ऋण जसरी पनि तिर्नुपर्ने थियो ।

त्यसपछि उनी वैदेशिक रोजगारीमा फेरी नफर्किने गरी नेपाल फर्किए । नेपालमा कृषि व्यवसाय गर्ने उनको ईच्छा थियो, तर उनिसँग आमालाई राख्न घर थिएन । वैदेशिक रोजगारीमा कमाएको पैसा साहुको ऋण तिर्न र थोरै जग्गा किनेर घर बनाउँदा सकियो । व्यवसाय गर्ने पैसा त उनिसँग बाँकी नै रहेन । व्यवसाय गर्न सरकारले सहयोग गर्छ भन्ने पनि सुने, तर कहाँ जाने भन्ने नै थाहा पाएनन् । व्यवसाय गर्न पैसा नभएपछि फेरी उनी काठमाण्डामौ गार्मेण्ट कम्पनीमा काम गर्नथाले । त्यहाँ राम्रो पारिश्रमिक नपाएपछि उनी सुरक्षा गार्डको काम गर्न थाले । उनी भन्छन्, "सकेसम्म देशमै काम गर्नु राम्रो, वैदेशिक रोजगारीमै जाने हो भने, सिप र भाषा सिकेर जानु राम्रो । सिप भयो भने, थोरै श्रम गरेर पनि राम्रो आमदानी गर्न सकिन्छ र भाषा जान्यो भने, अनायासै दु:ख पाईदैन ।"

# फ्रन्टलाईनर्स भोईसेस



## सुजन श्रेष्ठ

स्वास्थ्य शाखा प्रमुख, ज्वालामूखी गाउँपालिका, धादिङ

"कोभिड–१९ को लक्षण सहित संक्रमणका कारणले ३२ दिनको आइसोलेशन वसाई पछि संक्रमण मुक्त भई नियमित काममा फर्के । हामी सवैले कोरोना भाईरसको संक्रमण केहि होईन भनी हल्का रुपमा लिइरहेको पाएको छुँ । जुन सरासर भ्रम हो । कोरोना भाईरस मैत्री व्यवहार गरेर पूर्ण रुपमा जनस्वास्थ्य सावधानीका उपायहरु नियमित रुपमा प्रयोग गरेर उच्च सावधानी अपनाउदा मात्रै यसवाट वच्न सकिन्छ । विश्व स्वास्थ्य संगठनले पछिल्लो समयमा Living With Corona को अवधारणा ल्याएको छ । यसलाई नव सामान्यीकरण (New-normal) को रुपमा लिई नियमित दैनिक काममा फर्कनु पर्ने वाध्यता हामी माझ छ । "

## शान्ननानी परियार

सदस्य, जिल्ला समन्वय समती, धादिङ



"कोरोना महामारी त्रासकाबीच पनि जोखिम मोलेर काम गरियो । अहिले अवस्था समान्य भएको छ । मलाइ सवारी साधन चलाउन आउदैन । टाढा जानको लागि भनेको समयमा  सर्वजनिक यातायात नपाउने हुनाले, असजिलो त भएको छ, तर पनि घरको काम भन्दा पनि सामाजिक काममा बढी जाने गर्दछु । सामाजिक काम गर्दा मलाई आफ्नै काम गरे जस्तो लाग्दछ र यसले मलाई सन्तुष्टि दिन्छ । अप्ठ्रो काम भए पनि सामाजिक कार्य गर्न मलाई मेरो परिवारको सहयोग छ ।"



## कृष्ण प्रसादकाप्री

वडा अध्यक्ष, ज्वालामुखी गाउपालिका वडा नं. ५, धादिङ

"कोरोनाको कारण वैदेशिक रोजगारबाट आउनेहरूलाई व्यवस्थापन गर्नमा म बढी खटिएँ । क्वारेन्टाइनमा म दैनिक एक पटक जाने गर्दथैं । म जादा कोरोना रोकथामका जडिबुटीहरु बोकेर जान्थैं । अहिले कोरोना सामन्य भएपछि वैदेशिक रोजगारबाट रोजगार गुमाएर फर्किएका युवालाई स्थानीय स्तरमा कृषि व्यावसाय गर्न अनुरोध गरिरहेको छुँ । हाम्रो क्षेत्रमा हुने पिडालुलाई उत्पादन तथा बजार व्यवस्थापन लगायतको सबै सयोग गरिरहेको छुँ । कृषकले पनि राम्रै आमदानी गरिरहेकाछन् । युवाहरु स्थानीय स्तरमै व्यवसाय गर्न प्रेरित गर्न मैले कागती र तर्बुजाको परिक्षणको लागि आफैले  खेती सुरु गरेको छुँ । "

# रेडियो कार्यक्रम पद्धती तालिका



## रेडियो कार्यक्रम पद्धती

संरचना सबैका लागि

| प्रदेश १ | प्रदेश २ | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|
| सप्तकोशी एफएम | रेडियो जनकपुर | हेटौंडा एफएम | अन्नपूर्ण एफएम | बुटवल एफएम | प्रदेश एफएम | दिनेश एफएम |
| हरेक मंगलबार बिहान ७:३० बजे | हरेक शनिबार बिहान ७:०० बजे | हरेक मंगलबार बिहान ७:३० बजे | हरेक आइतबार बिहान ८:३० बजे | हरेक शनिबार बिहान ७:३० बजे | हरेक सोमबार बिहान ७:३० बजे | हरेक शनिबार बिहान ७:०० बजे |
| पुन: प्रसारण हरेक बिहिबार बेलुका ७:०० बजे | पुन: प्रसारण हरेक बुधबार बिहान ७:०० बजे | पुन: प्रसारण हरेक बुधबार बेलुका ७:३० बजे | पुन: प्रसारण हरेक मंगलबार बेलुका ७:१५ बजे | पुन: प्रसारण हरेक सोमबार बेलुका ७:३० बजे | पुन: प्रसारण हरेक मंगलबार दिउँसो २:१५ बजे | पुन: प्रसारण हरेक आइतबार बेलुका ९:०० बजे |


रेडियो कार्यक्रम प्रसारणको रेकर्ड तपाईले
YouTube र Soundcloud मा पनि सुन्न सक्नुहुनेछ ।

Civic Action Teams

https://soundcloud.com/accountability_lab

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले बिगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।



**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219